स्थानीय सरकार

# खनियाबास गाउँपालिका

ཁ་ནི་ཡ་བཱས་གཱཨུ་པཱ་ལི་ཀཱ།

# गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं.:-२०८०/८१ मिति :- २०८०/०९/२४

## सवारी साधन भाडामा लिने सम्बन्धि सूचना ।।।

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२४**

यस खनियाबास गाउँपालिका उपाध्यक्ष ज्यूको कार्यालय प्रयोजन, फिल्ड अनुगमन तथा अन्य तालिम गोष्ट तथा सेमिनारहरुमा सहभागि हुन जाने/आउने प्रयोजनार्थ आर्थिक वर्ष २०८०/८१ को असार मसान्त सम्मको लागि चारपाग्रे सवारी साधन (जीप) भाडामा लिनुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र इच्छुक सवारी धनीहरुले निम्न शर्तको अधिनमा रहि तोकिएको कागजात सहित शिलबन्दि दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**निम्नः**

१. उपलब्ध गराईने सवारी साधन दुर्गम भू-बनोट र कच्चि बाटोमा समेत चल्न सक्ने तथा अनिवार्य रुपमा फोर ह्वील लाग्ने प्रकृतिको हुनुपर्ने छ ।

२. भाडामा लिईने सवारी साधन नियमित रुपमा संचालन नगरी आवस्यकताका आधारमा तोकिएको मितिमा मात्र संचालन गरिनेछ । साथै सवारी प्रयोग गर्नुपर्दा कम्तिमा एक दिन अगाडि नै सवारी धनीलाइ कार्यालयबाट जानकारी गराइनेछ ।

३. सवारी धनीले दररेट उल्लेख गर्दा स्थान तोकेर दुरीका आधारमा वा दैनिक औसत मूल्य तोकेर भाडा दर उल्लेख गर्नुपर्ने छ, जसमा १०% ले हुन आउने वहालकर समेत जनाउनु पर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्य रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अंक स्पष्ट नभएमा वा अंक र अक्षरमा फरक परेमा अक्षरमा खुलाइएको दररेटलाइ मान्यता दिइनेछ ।

४. सवारी धनीले सवारी उपलब्ध गराउदा चालक अनिबार्य रुपमा उपलब्ध गराउनुपर्दछ । साथै रात विताउने गरि जानुपर्ने भएमा चालकको खाने वस्नेको व्यबस्थापन स्वयं आफै वा सवारी धनीले गर्नुपर्नेछ ।

५. सवारी साधनको लागि आवस्यक पर्ने ईन्धन तथा मर्मत स्वयं सवारी धनीले नै व्यवस्था गर्नुपर्नेछ । सवारी साधन बाटोमा बिग्रिए वा दुर्घटना भएमा कार्यालयले त्यसको कुनै पनि जिम्मेवारी लिने छैन ।

६. उपलब्ध भए सम्म भाडाका सवारी साधनलाई प्राथमिकता दिइनेछ तर भाडाका सवारी साधनबाट दररेट पेश हुन नआएमा वा दररेट अधिक भई पेश हुन आएको खण्डमा निजी सवारी साधनसंग समेत सम्झौता गर्न बाधा पर्ने छैन ।

७. माथि उल्लेख भएको बिषय सोहि बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम आपसी छलफलबाट निर्णय लिइनेछ ।

२०८०/०९/२४

Email :- ito.khaniyabasmun@gmail.com Website :- www.khaniyabasmun.gov.np